नौमूले गाउँपालिका

**"सुशासन र पारदर्शिता, सुखी नौमूलेबासी हाम्रो प्रतिबद्धता"**


# नौमूले राजपत्र


खण्डः ३ संख्याः १ मितिः २०८१/०६/१४


**भाग-२**

## नौमूले गाउँपालिका

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

# नौमूले गाउँ पालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका,२०७७

| | |
|---|---|
| गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत | मिति २०७७/०६/२३ |

# नौमूले गाउँपालिका

## एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका,२०७७

**प्रस्तावना**

नौमूले गाउँ पालिका ,दैलेख भित्र खासगरी स्वास्थ्य सेवाको पहुचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्‍याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी नौमूले गाउँ पालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (क) यो निर्देशिकाको नाम “एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७” रहेको छ । (ख) यो निर्देशिका **गाउँ** कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) “एम्बुलेन्स ” भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) “एम्बुलेन्स जनशक्ति” भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) “चालक” भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) “**गाउँ**पालिका” भन्नाले **नौमूले गाउँ**पालिकालाई सम्झनु पर्छ ।

(ङ) “सेवाशुल्क” भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(च) “समिति” भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(छ) “सेवा” भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति** : (१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक गाउँ एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) गा.पा.अध्यक्ष - संयोजक

(ख) उपाध्यक्ष –सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) वडाध्यक्ष वडा नं. **४ र ५**- सदस्य

(ङ) प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटी, नौमूले शाखा - सदस्य

(च) नौमूले प्रा.स्वा.के. प्रमुख **वा प्रतिनिधि** – सदस्य

(छ) कार्यपालिकाका महिला सदस्य १ जना (कार्य पालिकाले मनोनित गरेका) –सदस्य

( ज) गाउँ पालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठक भत्ता गाउँ कार्य पालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार :** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । एक पटक निर्धारण भएको भाडा **एक** वर्ष नपुगि पुनरावलोकन गर्न नपाइने ।

(ङ) सरोकारवाला तथा अन्य सङ्घहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने |

(च ) गाउँ पालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

(छ ) चालकले अनुसुची-१ बमोजिम सेवा शुल्क लिई बैंक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने।
(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**(५) सेवा शुल्क सम्बन्धी व्यवस्था :** (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसुची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम गाउँपालिकाले एक अलग बैंक खाता/कोष खडागरी त्यसमा जम्मा **गर्न सक्नेछ** ।

साथै उक्त खाता समितिका संयोजक र सदस्य सचिवको संयुक्त दस्तखत वाट संचालन गरिने छ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ। नगदी रसिदको अभिलेख/नियन्त्रण खाता गाउँ पालिकामा राखीने छ।

(४) सेवा दिएबापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ।

(५) कोषको रकम समितिको निर्णयानुसार मात्र खर्च गर्न पाइने छ। कोषको रकम सामान्यतया इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ।

**(६) चालकको नियुक्ती र सेवा सुविधा** : (१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँ कार्यपालिकाले योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) चालक तथा स्वास्थ्य कर्मीको रु. २ लाख सम्मको दुर्घटना विमा गरिनेछ। विमाको प्रिमियम बापतको रकम गाउँ कार्यपालिका को कार्यालय वाट व्यहोरिने छ।

(३) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (२) बमोजिम हुनेछ।

**(७) एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार** : (१)अर्को व्यवस्था नभए सम्म एम्बुलेन्स नौमूले गाउँ पालिका वडा नं. ५ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र हाता भित्र रहने छ।

**(८) विविध :** (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (३) बमोजिम हुनेछ।

(२) एम्बुलेन्समा सवार विरामी तथा विरामीका आफन्त विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ।

(३)बिरामीको गम्भीरता हेरी निजको हेर विचार र उपचारका लागि १ जना स्वास्थ्य कर्मी खटाउन सकिने छ। निजको नियुक्ति कार्यपालिका को सिफारिसमा हुनेछ निजको सेवा सुबिधा एम्बुलेन्स सेवा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले निर्धारण गर्नेछ॥

(४) यस निर्देशिकामा आवश्यकता अनुसार संसोधन र हेरफेर समितिको सिफारिशमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

## अनुसूची १

### (निर्देशिकाको दफा (५) संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट) क्र.सं. देखि सम्म दररेट

| क्र.स. | देखि | सम्म | दर रेट रु. | कैफियत |
|---|---|---|---|---|
| ०१ | नौमूले गाउँ पालिका | नौमूले गाउँ पालिका वडा न.१ तोली सम्म | रु.५००/- | |
| ०२ | नौमूले गाउँ पालिका | नौमूले गाउँ पालिका वडा न.२ बालुवाटार सम्म | रु.८००/- | |
| ०३ | नौमूले गाउँ पालिका | नौमूले गाउँ पालिका वडा न.३ द्वारी सम्म | रु.१५००/- | |
| ०४ | नौमूले गाउँ पालिका | नौमूले गाउँ पालिका वडा न.४ कालिका सम्म | रु.१०००/- | |
| ०५ | नौमूले गाउँ पालिका | नौमूले गाउँ पालिका वडा न.५ नौगाऊ सम्म | रु.८००/- | |
| ०६ | नौमूले गाउँ पालिका | नौमूले गाउँ पालिका वडा न.६ सल्लेरी सम्म | रु.१०००/- | |
| ०७ | नौमूले गाउँ पालिका | नौमूले गाउँ पालिका वडा न.७ पैती सम्म | १५००/- | |
| ०८ | नौमूले गाउँ पालिका | नौमूले गाउँ पालिका वडा न.८ चौराठा सम्म | २०००/- | |
| ०९ | नौमूले गाउँ पालिका | जिल्लाका अन्य स्थानीय तह | प्रति कि.मि रु.३०/- | |
| १० | नौमूले गाउँ पालिका | दैलेख सदरमुकाम | ३०००/- | |
| ११ | नौमूले गाउँ पालिका | सुर्खेत | ७०००/- | |
| १२ | नौमूले गाउँ पालिका | कोहलपुर /नेपालगंज | १००००/- | |
| १३ | नौमूले गाउँ पालिका | पाल्पा | १६०००/- | |
| १४ | नौमूले गाउँ पालिका | बुटवल/भैरहवा | १५०००/- | |
| १५ | नौमूले गाउँ पालिका | चितवन | १६०००/- | |
| १६ | नौमूले गाउँ पालिका | काठमाडौँ | १९०००/- | |
| १७ | नौमूले गाउँ पालिका | लखनउ | २००००/- | |
| १८ | नौमूले गाउँ पालिका | दिल्ली | २५०००/- | |

● दुरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ ।

● उल्लेखित स्थानमा बाहेक अन्य स्थानको भाडा समितिले निर्धारण गरे बमोजिम हुने छ।

● **विपन्न** नागरिक वा बिरामीहरुको भाडा छुट बिषयमा समितिमा निवेदन पेश भएमा सञ्चालन समितिले उपयुक्त ठानेमा आवश्यक कागज पत्र का आधारमा भाडा छुट दिन सकिनेछ ।

● एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगाबै कार्यालयमा बुझाउनुपर्नेछ ।

●सुत्केरी सम्बन्धि जटिलता भइ अस्पतालले प्रेषण गरेमा सुत्केरी ,७० बर्ष माथिका जेष्ठ नागरिक तथा क बर्गका अपांग हरुलाई भाडा निशुल्क गरिनेछ ।

## अनुसूची २

### (निर्देशिकाको दफा ६ को उपदफा (३) सँग सम्बन्धीत)

### एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, **२०७७** लाई पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३.। मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

४.बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफूले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफूमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,

१०.अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पर्ने,

११. आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने । म ................................ (नाम) .................................... ठेगाना .................................. ना.प्र.प.नं. ..................................... जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. ........................................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ........................................ जिल्ला ..................... संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको :

रोहबरमा प्रमाणित गर्ने व्यक्तिको : :

दस्तखत -

दस्तखत -

नाम-/पद-::

संस्थाको छाप-

मिति- :

**अनुसूची ३**

**(निर्देशिकाको दफा ८ को उपदफा (१) सँग सम्बन्धीत)**

**"ग" वर्गको (Common Life Support (CLS)) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण**

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Flow Meter / Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stetcher Cum Board,
- Stethoscope, B.P. Apparatus, Tourchlight,
- Driver With basic training in first aid and emergent medicine.

प्रमाणीकरण मिति: २०७७/०६/२३

आज्ञाले,

**दमन दाहाल**

प्रमुख प्रशासकीय अधिकृत